दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २१३ | बुटवल | २०८२ साउन १३ गते, मंगलबार | नेपाल संवत ११४५ | Tuesday July. 29, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

गर्मीयाममा लाग्न सक्ने रोगबाट बचौं र बचाऔं ।

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड

# लुम्बिनी प्रदेशका १३ प्रतिशतमा मानसिक स्वास्थ्य समस्या

**समस्या न्यूनीकरणका लागि सरकारले रणनीतिक कार्ययोजना २०८१–२०८६ सार्वजनिक गरेको छ ।**




**लुम्बिनी संवाददाता**
*दाङ*

लुम्बिनी प्रदेश सरकारले 'मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना २०८१-२०८६ सार्वजनिक गरेको छ । प्रदेश सरकारको मन्त्रिपरिषद्‌बाट स्वीकृत गरी कार्ययोजना तयार पारी कार्यान्वयनमा लैजाने प्रदेशमा लुम्बिनी पहिलो भएको हो । सोमबार एक औपचारिक कार्यक्रममार्फत् मुख्यमन्त्री चेतनारायण आचार्य, स्वास्थ्यमन्त्री खेमबहादुर सारु, आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्की, प्रमुख सचिव बाबुराम अधिकारी र स्वास्थ्य सचिव दुर्गालक्ष्मी श्रेष्ठले संयुक्त रुपमा विमोचन गर्दै रणनीतिक योजना सार्वजनिक गरेका हुन् ।

मानसिक स्वास्थ्यसम्बन्धी समस्या दिनानुदिन गहिरिँदै गइरहेका बेला प्रदेश सरकारले दीर्घकालीन रणनीतिसहितको कार्ययोजना ल्याएको छ । राष्ट्रिय सर्वेक्षणअनुसार लुम्बिनी प्रदेशका १३ प्रतिशत जनताले जीवनकालमा कुनै न कुनै मानसिक स्वास्थ्य समस्या भोगेका छन् भने हाल ५ दशमलव ४ प्रतिशतले यस्तो समस्या अनुभव गरिरहेका छन् । चिन्ता २२ प्रतिशत र डिप्रेसन १५ प्रतिशत यहाँका सर्वाधिक सामान्य मानसिक समस्या रहेको प्रक्षेपण गरिएको छ ।

त्यस्तै, सातै प्रदेशमध्ये लुम्बिनी प्रदेश आत्महत्या दरको हिसाबले तेस्रो स्थानमा पर्छ । प्रदेशमा प्रति १ लाख जनसंख्यामा २६ जनाले आत्महत्या गर्ने गरेका छन् । यसका साथै पछिल्ला तीन आर्थिक वर्षको तथ्यांकले लुम्बिनी प्रदेशमा मानसिक स्वास्थ्य सेवाको पहुँच र माग दुवैमा उल्लेखनीय वृद्धि भएको देखिएको छ । प्रदेश स्वास्थ्य मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७-८० मा १७ हजार ७ सय ८८ जना लाभग्राहीले मानसिक स्वास्थ्य सेवा लिएका थिए । त्यसपछिको वर्ष २०८०-८१ मा सेवा लिनेको संख्या दोब्बरभन्दा बढी बढेर ३५ हजार ४ सय ११ पुगेको थियो । हालै सम्पन्न आर्थिक वर्ष २०८१-८२ मा भने सेवा लिनेको संख्या ३४ हजार ३८५ रहेको मन्त्रालयले जनाएको छ । यद्यपि अघिल्लो वर्षको तुलनामा केही कमी आए पनि पछिल्ला तीन वर्षको समग्र प्रवृत्तिले प्रदेशमा मानसिक स्वास्थ्यप्रति जनचेतना र सेवा उपयोगितामा विस्तार भइरहेको स्पष्ट संकेत गरेको देखिन्छ ।

कार्ययोजनाले मानसिक स्वास्थ्य सेवालाई समुदायमै पुर्‍याउने, मानव अधिकारको संरक्षण गर्ने, तथ्यमा आधारित सेवा प्रवाह गर्ने, र सरकारी, निजी तथा गैरसरकारी निकायबिच सहकार्य र समन्वय बढाउने लक्ष्य राखेको सिएमसी नेपालका नीति, रणनीति तथा सुशासन प्रमुख हिमाल गैरेले जानकारी दिए ।

कार्ययोजनामा 'मानसिक स्वास्थ्य प्रवर्धन' प्राथमिक क्षेत्रको रूपमा पहिचान गरिएको छ । विद्यालय र बालबालिकालाई लक्षित गर्दै मानसिक स्वास्थ्यसम्बन्धी विशेष कक्षा, पाठ्यक्रम समायोजन, अभिमुखीकरण तथा परामर्श सेवा, खेलकुद, स्वास्थ्य प्रदर्शनी, र्‍याली, योग प्रशिक्षण, तथा जीवन सीप अभिवृद्धि जस्ता कार्यक्रम सञ्चालन गरिने जनाइएको छ ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सरकारले तयार पारेको 'मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीति कार्ययोजना २०८१-२०८६ केवल किताबमै सीमित हुन नहुने बताएका छन् । राप्ती उपत्यका देउखुरीमा सोमबार आयोजित सार्वजनिकरण कार्यक्रममा बोल्दै मुख्यमन्त्री आचार्यले प्रदेश सरकारको रणनीतिक योजना व्यवहारमा लागू गरेर जनताले प्रत्यक्ष अनुभूति गर्ने गरी सेवा प्रवाह गर्नुपर्नेमा जोड दिएका हुन् ।

'अब काम भनेको परिणाम र उपलब्धिमा आधारित हुनुपर्छ । कागजमा मात्रै सीमित भएर कुनै अर्थ छैन,' मुख्यमन्त्री आचार्यले भने-'समीक्षा गर्दा हरेक सूचक तथ्यांकमा आधारित भएर गर्न जरुरी छ । जहाँ काम भएको छैन, त्यहाँ सुधार आवश्यक छ ।'

उनले सामाजिक सचेतनामूलक कार्यक्रमहरूलाई आधारभूत तहका वर्गमा केन्द्रित गर्न निर्देशन दिएका छन् । सामाजिक, मानसिक स्वास्थ्यलगायत सबै प्रकारका सचेतना अभियान गाउँबस्ती र विद्यालय तहसम्म पुर्‍याउनुपर्नेमा उनले जोड दिए ।

'हाम्रो जनशक्ति गाउँ र बस्तीसम्म पुग्न जरुरी छ । तर हालसम्म सुविधासम्पन्न स्थानहरूमा मात्रै कार्यक्रम केन्द्रित हुँदा नतिजा आउन सकेन,' उनले भने-'स्वास्थ्य, सामाजिक विकास तथा आन्तरिक मामिला मन्त्रालयबिच समन्वय र सहकार्यबिना प्रभावकारी परिणाम सम्भव छैन ।' मानसिक स्वास्थ्य रणनीति योजनाको कार्यान्वयनकोलागि बहुसरोकारवाला पक्षको कार्यक्रम समुदाय केन्द्रित हुनुपर्नेमा मुख्यमन्त्री आचार्यको विशेष जोड छ ।

स्वास्थ्य मन्त्री खेमबहादुर सारुले प्रदेश सरकारले रणनीतिक योजना कार्यान्वयनमा अगाडि बढिसकेको जानकारी दिए । उनका अनुसार, उक्त योजनाअनुसार नर्स तथा मनोसामाजिक परामर्शदाताहरूलाई आवश्यक तालिम प्रदान गरिएको छ ।

आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले मानसिक स्वास्थ्य परामर्श सेवा प्रभावकारी बनाउनेतर्फ अझ प्रयास गर्नुपर्ने आवश्यकता औंल्याए ।

प्रमुख सचिव बाबुराम अधिकारीले मानसिक स्वास्थ्यलाई समग्र स्वास्थ्यको आधार मान्नुपर्नेमा जोड दिए । 'जबसम्म मानसिक रूपले स्वस्थ हुँदैनौं, तबसम्म अरू हिसाबले पनि स्वस्थ हुन सकिँदैन ।'-उनले भने । कार्यक्रममा स्वास्थ्य सचिव दुर्गालक्ष्मी श्रेष्ठ, स्वीस सरकारका प्रतिनिधिका रूपमा प्रतिज्ञा सिम्खडा, सिएमसी नेपालका प्राविधिक निर्देशक डा. पशुपति महत, स्वास्थ्य सेवा निर्देशक रोशनलाल चौधरीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रमको विषय प्रवेश तथा स्वागत उपसचिव नारायणप्रसाद पौडेलले गरेका थिए भने जनस्वास्थ्य प्रशासक उमेश गौतमले रणनीतिक योजना र त्यसको कार्यान्वयनबारे प्रस्तुति दिएका थिए । कार्यक्रमको सहजीकरण वरिष्ठ अस्पताल नर्सिङ्ग प्रशासक ईश्वरी केसीले गरेकी थिइन ।

कार्यक्रम लुम्बिनी प्रदेश सरकारअन्तर्गतको स्वास्थ्य मन्त्रालय र सिएमसी नेपालको आर्थिक तथा प्राविधिक साझेदारीमा आयोजना गरिएको थियो ।

## रुपन्देहीमा एक वर्षमा दुर्घटनामा १२१ ले गुमाए ज्यान



भैरहवा । रुपन्देही जिल्लामा आर्थिक वर्ष २०८१-८२ मा ८ सय २ वटा सवारी दुर्घटना भएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय, रुपन्देहीले आर्थिक वर्ष २०८१-०८२ को वार्षिक कार्य प्रगती विवरण सार्वजनिक गर्दै जिल्लामा भएको सवारी दुर्घटनामा परी ९८ पुरुष र २३ महिला गरी १२१ जनाले ज्यान गुमाएका छन् । दुर्घटनामा १ हजार २ सय २ जना घाइते भएका छन् ।

दुर्घटनामा १ हजार १६२ सवारीसाधन संलग्न थिए । सवारी दुर्घटनामा सबैभन्दा धेरै मोटरसाइकलको ७ सय ९५ वटा रहेका छन् । यस्तै जीप, कार, भ्यान १ सय २०, साइकल ६७, बस ३८, ट्रक ट्याांकर ४५, टिप्पर २८, ट्र्याक्टर २३, टेम्पो ३६ र माइक्रोको ७ वटा दुर्घटना भएका छन् ।

ट्राफिक प्रहरीले एक वर्षमा नियमविपरीत सञ्चालित ५० हजार ४ सय ४१ वटा सवारीलाई कारबाही गरेको छ ।

» बाँकी ३ पेजमा

## मन्त्री पाण्डेले लिए शपथ



बुटवल । लुम्बिनी प्रदेशमा नवनियुक्त युवा तथा खेलकुदमन्त्री सन्तोषकुमार पाण्डेले पद तथा गोपनीयताको शपथ लिएका छन् ।

प्रदेश प्रमुखको कार्यालय बुटवलमा आयोजित समारोहमा प्रदेश प्रमुख कृष्णबहादुर घर्ती समक्ष नवनियुक्त मन्त्री पाण्डेले पद तथा गोपनीयताको शपथ लिएका हुन् । पाण्डे लोकतान्त्रिक समाजवादी पार्टीबाट मन्त्री नियुक्त भएका हुन् ।

शपथ ग्रहण समारोहमा मुख्यमन्त्री चेतनारायण आचार्य, पूर्व मुख्यमन्त्री डिल्लिबहादुर चौधरी, प्रदेशका मन्त्रीहरुको उपस्थिति थियो । लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्यले आइतबार पाण्डेलाई नियुक्त गरी मन्त्रिपरिषद् बिस्तार गरेका थिए । यसअघि यो मन्त्रालय मुख्यमन्त्रीले सम्हालेका थिए ।

पाण्डेको दल प्रदेश सरकारको बजेटमाथि छलफल भइरहेका प्रतिपक्षी दलहरुले बहिष्कार गरेका बेला एकाएक सरकारलाई दिएको समर्थन फिर्ता लिएर प्रतिपक्षमा बस्न गएको थियो । तीन सांसद रहेको लोसपामा उनी संसदीय दलका नेता थिए ।

यसअघि ११ सदस्यीय मन्त्रिमण्डलमा मुख्यमन्त्रीसहित ५ जना मन्त्री एमालेबाट, ५ जना कांग्रेसबाट र जसपाबाट एकजना मन्त्री थिए ।

» बाँकी ३ पेजमा

# विभागको निर्देशनविपरीत अन्नपूर्ण सहकारीको साधारणसभा




बुटवल । बुटवलको अन्नपूर्ण बहुउद्देश्यीय सहकारी संस्थाले सहकारी विभागको निर्देशनविपरीत साधारणसभा गरेको पाइएको छ ।

सहकारी विभागले गत असार ३२ गते जारी गरेको एकीकृत निर्देशनमा एउटा आर्थिक वर्षको साधारणसभा अर्को आर्थिक वर्षमा गर्न नपाइने स्पष्ट उल्लेख गरेको थियो ।

तर उक्त सहकारीले नयाँ आर्थिक वर्ष सुरु भएको साउनको ११ गते २२औं वार्षिक साधारणसभा र रजत महोत्सव गरेको छ । सहकारीको कार्यालय हालै मात्र नियुक्त भएका सहकारी नियमन प्राधिकरणका अध्यक्ष डा. खगराज शर्माको घर भएको वडामा छ ।

सहकारी संस्थाहरुमा बेथिति बढेपछि सुशासन प्रवर्द्धनका लागि नियमनकारी सरकारी निकायले जारी गरेको निर्देशनविपरीत गरिएको साधारणसभामा प्रमुख अतिथि बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेय थिए ।

साधारणसभामा उप-महानगरका सहकारी शाखाका प्रमुख गुणाकर खनाललाई भने नबोलाइएको खनालले बताए । विभागको निर्देशनविपरीत साधारणसभा गरेको विषयमा उप-महानगरका सहकारी शाखा प्रमुख खनालले आफूलाई साधारणसभाबारे जानकारी र निम्ता नदिइएको बताए । उनले विभागको निर्देशन उल्लंघनबारे अध्ययन गरेर थप प्रतिक्रिया दिने बताए ।

विभागको निर्देशनमा साधारणसभाको बैठक बस्ने कम्तीमा तीस दिन अगावै बैठकको प्रस्तावसहित मिति, समय, स्थान तोकी सार्वजानिक सूचना जारी गर्नुपर्नेलगायत उल्लेख छ । तर निर्देशनका बुँदामा जुनसुकै कुरा लेखिएको भएता पनि एउटा आर्थिक वर्षको साधारणसभा अर्को आर्थिक वर्षमा गर्न नपाइने स्पष्ट उल्लेख छ ।

निर्देशनविपरीत साधारणसभा गरेको विषयमा सहकारीका सचिव खिमराज ज्ञवालीले गल्ती भएको स्वीकार गरे । 'विभागको निर्देशनबारे अपडेट भइएनछ, अलिकति भूल भयो,' ज्ञवालीले भने-'रजत जयन्ती पनि मनाउने तयारी भएकाले साधारणसभा पनि गरिएको हो, आउने दिनमा गल्ती सच्याउँछौं ।' बहुउद्देश्यीय भए पनि सहकारीले बचत तथा ऋणको मात्रै काम गरिरहेको छ ।

सचिव ज्ञवालीले बचत तथा ऋण बाहेक अरु काम पनि गर्न समिति बनाइएको भए पनि आर्थिक मन्दीले नसकिएको स्वीकारे ।

सहकारीमा ६६१ जना शेयर सदस्य रहेका र करिब ७० प्रतिशतको उपस्थिति रहेको ज्ञवालीले जनाए ।

सहकारी रहेको वडा हालैमात्र नियुक्त भएका सहकारी नियमन प्राधिकरणका अध्यक्ष डा. खगराज शर्माको घर भएको वडा हो । नियमविपरीत भएको साधारणसभामा राष्ट्रिय सहकारी महासंघ लेखा सुपरीवेक्षण समिति संयोजक भिम तुलाचन पनि विशिष्ट अतिथिका रुपमा सहभागी थिए । रुपन्देहीसहित लुम्बिनी प्रदेशमा नियमनकारी निकायको निर्देशन उल्लंघन गर्दै गतिविधि गरेका कारण प्रदेश कार्यक्षेत्र भएका २५ वटा सहकारीमा समस्या उत्पन्न भएको छ ।

बचतकर्ताको करोडौं रकम अपचलन भएर समस्या आएपछि लुम्बिनी प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालयले पनि १९ बुँदे निर्देशन जारी गरेको छ ।

२०८१ साउन १८ को अद्यावधिक तथ्यांकअनुसार लुम्बिनीमा प्रदेश कार्यक्षेत्र भएका सहकारीको संख्या ८५० छ । तर झण्डै आधा सहकारीले प्रमुख नियामक निकायमा वार्षिक प्रतिवेदन समेत पेश गरेका छैनन् ।



# सम्पादकीय

## ओभरलोड नियन्त्रण गर्न निर्देशन

प्रहरी महानिरीक्षक दिपक थापाले मालबहाक गाडीको भार क्षमताअनुसार चलाउन मातहतका निकायलाई निर्देशन दिएका छन् । ओभरलोड भारतीय ट्रकले नेपाली व्यवसायी मारमा परेको र सडकको आयु घटेको भन्दै ट्रक व्यवसायीले पहिलेदेखि नै ओभरलोड व्यवस्थापन गर्न माग गर्दै आएका छन् । महानिरीक्षकको निर्देशनले ओभरलोड नियन्त्रणको माग गरिरहेका व्यवसायी उत्साहित भएका छन् । यद्यपी निर्देशन कार्यान्वयनको दिगोपना हेर्न बाँकी नै छ ।

ओभरलोड बोक्ने मालवहाक ट्रकलाई नियन्त्रण गर्न सरकारी निकाय रमिते बनिरहेको आरोप लागिरहेका बेला ओभरलोड नियन्त्रण गर्न रूपन्देहीका प्रमुख जिल्ला अधिकारीले पनि तीन महिना अघि पहलकदमी लिएका थिए । मालवाहक ट्रकको ओभरलोड भन्सार विन्दुमै मिलान गर्ने निर्णयले उत्साहित व्यवसायीको उत्साह लामो समय टिक्न सकेन् । एक महिनामै निर्णय कार्यान्वयन कमजोर बन्दै गयो ।

मुख्यतः भारतीय ओभरलोड मालवाहक गाडीका कारण नेपालका सडक र पुलमा बारम्बार क्षति पुगेको यी घटनाले प्रहरी प्रशासनलाई ओभरलोड नियन्त्रण गर्न दबाब परिरहेको छ । ओभरलोड मालवाहक सवारी साधनलाई भन्सार विन्दुमै भारमिलान गरेर मात्र नेपाल प्रवेश गर्न दिने निर्णय कार्यान्वयन हुँदा भारतीय गाडीले ओभरलोड बोक्न छाड्ने छन् । त्यसो भयो भने दुई वटा फाइदा हुनेछ, पहिलो नेपाली ट्रक व्यवसायीले काम पाउने छन् । दोस्रो नेपाली सडक सुरक्षित र दिगोपना बढ्ने छ । नेपाल र नेपालीलाई फाइदा हुने निर्णय कार्यान्वयन गर्न किन हच्किने प्रवृत्ति छ ? मुख्य प्रश्न यो हो ।

प्रहरी प्रमुखको निर्णय कार्यान्वयन हुन्छ भनेर ढुक्क हुने अवस्था छैन । राजनैतिक नेतृत्वलाई पनि विषयवस्तु बुझाउन आवश्यक छ । दबाब र प्रभावमा नपर्ने गरी प्रशासनिक र राजनैतिक नेतृत्वले मातहतको निकायलाई परिचालन गऱ्यो भने ओभरलोडको समस्या समाधान हुन्छ । मालवाहक सवारी साधनको भारवाहन नियमन सम्बन्धि निर्देशिका बनाएर सरकारले नियमनकारी निकायलाई नियमन अधिकार दिएको छ । नियम र कानुन भएर पनि कार्यान्वयन नइरहेको अवस्थामा अहिले निर्देशिकाको कार्यान्वयनका लागि प्रहरी प्रमुखले पहलकदमी लिनुलाई सकारात्मक मान्नुपर्छ ।

# नागपञ्चमीको वास्तविकता र महत्व



**पृथ्वीराज पोखेल**

कुनै पनि महत्व र अर्थ नबुझी फेसनको रुपमा पर्व तथा उत्सवहरु मनाउनु नेपाली जनजीवनको विशेषता नै बनिसकेको छ । त्यसै क्रममा श्रावण मासको शुक्लपक्षको पञ्चमी तिथिको दिन मनाइने नागपञ्चमी पनि एउटा पर्व हो, जसको महत्व महिमा बुझेर सही अर्थमा मनाउन सकेमा जो कोहीले पनि धेरै लाभ प्राप्त गर्न सक्छ, तर पनि बजारबाट नागको तस्विर किनेर ल्याउनु र फोटोमा अबिर छर्कनुजस्ता औपचारिकता निभाएर मात्र नाग देवहरुको आशीर्वाद प्राप्त गर्न सकिँदैन, यसको लागि त नागपञ्चमीको महत्व सही अर्थमा बुझेर पूर्ण श्रद्धा, भक्तिका साथ प्राण-प्रतिष्ठित नागको तस्विरमा विधिपूर्वक पूर्वक पूजन गर्नु आवश्यक हुन्छ ।

त्यसैले यहाँ नाग र नागपञ्चमीको महत्वको बारेमा केही कुराहरु प्रकाश पार्न खोजिएको छ ।

वेद र पुराणहरुमा नागको उद्‌गम महर्षि कश्यप र उहाँकी धर्मपत्नी कद्रूबाट भएको मानिन्छ । नागको मूल स्थानको रुपमा पाताललोक प्रसिद्ध छ । पुराणमा नागलोकको राजधानीको रुपमा भोगवतपुरी विख्यात् छ ।

संस्कृत कथा साहित्य 'कथासरित्सागरु' नागलोक र त्यहाँका बासिन्दाको कथाहरुले ओतप्रोत छ । गरुडपुराण, भविष्यपुराण, चरकसंहिता, सुश्रुतसंहिता, भावप्रकाश आदि ग्रन्थहरुमा नागसम्बन्धी विविध विषयको उल्लेख गरेको पाइन्छ ।

पुराणहरुमा यक्ष, किन्नर र गन्धर्वको वर्णनका साथ नागको पनि वर्णन पाइन्छ भने स्वयं परब्रह्म परमात्मा महायोगी सद्‌गुरु गोरखनाथले विभिन्न समयमा नागका आसन जमाइ तपस्या गर्नुभएको प्रसंगले पनि नागको महिमा अझ बढ्न गएको छ ।

भगवान् विष्णुको शैयाको शोभा शेषनागराजले बढाइदिनुभएको छ । भगवान् शिव र गणेशको अलंकारमा पनि नागको महत्वपूर्ण भूमिका छ । योगसिद्धिका लागि जसले कुण्डलिनी शक्ति जागृत गर्दछ, त्यसलाई सर्पिणी भनिन्छ ।

पुराणमा भगवान् सूर्यको रथमा द्वादश नागको उल्लेख भएको पाइन्छ जुन क्रमशः प्रत्येक मासमा उहाँको रथको बाहक बन्दछ । यसप्रकार अन्य देवताहरुले पनि नाग धारण गर्नुभएको छ । त्यसैले नागलाई सर्वत्र देवताको रुपमा स्वीकार गरिएको छ ।

कश्मिरका प्रसिद्ध संस्कृत कवि कल्हणले आफ्नो प्रसिद्ध पुस्तक 'राजतरङ्गिणी' मा कश्मिरको सम्पूर्ण भूमि नागका लागि पवित्र मान्नुभएको छ । त्यहाँको प्रसिद्ध नगरको नामाकरण नै अनन्तनाग हुनु यसको ऐतिहासिक प्रमाण हो । पूर्वीय संस्कृतिमा साँझ बिहान भगवत्स्मरणको साथै अनन्त तथा वासुकि आदि पवित्र नागहरुको नाम पनि स्मरण गरिन्छ जसबाट नागविष, भयबाट रक्षा हुने र सर्वत्र विजय हुने विश्वास छ ।

*अनन्तं वासुकिं शेषं पद्मनाभं च कक्बलम् ।*
*शंखपालं धार्तराष्ट्रं तक्षकं कालियं तथा ।।*
*एतानि नव नागानि नागानां च महात्मनाम् ।।*
*सायंकाले पठेन्नित्यं प्रातः काले विशेषतः ।।*
*तस्मै विषभयं नास्ति सर्वत्र विजयी भवेत् ।।*

देवी भागवतमा प्रमुख नागको नाम नित्य स्मरण गरिएको छ । हाम्रा ऋषिमुनिहरुले नाग उपासनाका लागि अनेक व्रत र पूजनका विधिहरु प्रदान गर्नुभएको छ ।

श्रावण मासको शुक्ल पक्षको पञ्चमी नागका लागि अत्यन्त आनन्ददायक दिन हो । 'नागानामानन्दकरी' पञ्चमी तिथिको नागपूजामा उहाँहरुलाई गाईको दूधले स्नान गराउने विधान छ । भनिन्छ कि एकपटक मातृ श्रापले नागलोक जल्न लाग्यो ।

यस दाहपीडाको निवृत्तिको लागि नागपञ्चमीमा गाईको दूधले स्नान गर्ने गरिन्छ, जसले नागलाई शीतलता प्रदान गर्दछ । यसबाट भक्तलाई पनि सर्पको डरबाट मुक्ति मिल्दछ ।

ब्रह्मबैवर्तपुराणको प्रथम भाग अध्याय ४५, श्लोक नं. १४-१६ मा पनि भनिएको छ कि जरत्कारु, जगद्‌गौरी, मनसा, सिद्धयोगीनी, वैष्णवी, नागभगिनी, शैवी, नागेश्वरी, जरत्कारुप्रीया, आस्तीकमाता, विषहरी तथा महाज्ञानयुता ।

यी १२ नाम जो पूजा समयमा पाठ गर्दछ, उच्चारण गर्दछ, उसलाई नागभय तथा सर्प भय हुँदैन ।

यसै क्रममा नागपञ्चमीको सन्दर्भमा रहेको एउटा रोचक कथा छ, जसको श्रवणको श्रावण महिनामा ठूलो महत्व छ ।

एकपटक देवता र असुरले समुद्रमन्थनमा चौध रत्नमा उच्चैःश्रवा नामक अश्वरत्न प्राप्त गरेका थिए । यो अश्व अत्यन्त श्वेत वर्णको थियो ।

त्यसलाई देखेपछि नागमाता कद्रु तथा विमाता विनता दुवैबिच अश्वको रंगको सम्बन्धमा वादविवाद भयो । कद्रुले भनिन् अश्वको केश कालो वर्णको छ । यदि आफ्नो कथनमा असत्य सिद्ध भएमा म तिम्रो दासी बन्छु अन्यथा तिमी मेरी दासी बन्नुपर्छ ।

कद्रुले नागलाई कपालजस्तै बनेर नागलाई अश्वको शरीरमा आवेष्ठित हुन निर्देशन दिइन, तर नागले आफ्नो असमर्थता प्रकट गरे । यसबाट क्रुद्ध भई कद्रुले नागलाई श्राप दिइन कि पाण्डववंशको राजा जनमेजयले नागयज्ञ गर्नेछ, त्यही नागयज्ञमा तिमीहरु सबै जलेर भस्म हुनुपरोस् ।

नागमाताको श्रापबाट भयभीत नागहरुले वासुकीको नेतृत्वमा ब्रह्माजीसँग श्राप निवृत्तिको उपाय सोध्दा ब्रह्माजीले निर्देशन दिनुभयो - 'यायावरवंशमा उत्पन्न तपस्वी जरत्कारु तिमीहरुकी बहिनी हुनेछिन् । उनको छोरा आस्तीकले तिमीहरुको रक्षा गर्नेछ ।'

भगवान् ब्रह्माले पञ्चमी तिथिमा नागहरुलाई यो वरदान दिनुभयो तथा यसै तिथिमा आस्तीकमुनिले नागको परीक्षण गर्नुभएको थियो । त्यसकारण नागपञ्चमीको यो व्रत ऐतिहासिक रुपबाट महत्वपूर्ण छ । नागपञ्चमीको दिनमा व्रतको साथ एकपटक भोजन गर्ने नियम छ । पूजा गर्दा पृथ्वीमा नागको चित्राङ्कन गरिन्छ । नाग पूजनमा निम्न लिखित मन्त्रको उच्चारण गर्दै नागलाई प्रणाम गरिन्छ ।

*सर्वे नागाः प्रीयन्तां मे ये केचित् पृथिवीतले ।।*
*ये च हेलिमरीचिस्था येऽन्तरे दिवि संस्थिताः ।*
*ये नदीषु महानागा ये सरस्वतिगामिनः ।*
*ये च वापीतडागेषु सर्वेषु वै नमः ।।*

यस श्लोकको भाव यही हो कि जो नाग पृथ्वी, आकाश, स्वर्ग, सौर्यकिरण, सरोवर तथा तलाउ आदिमा निवास गर्नुहुन्छ, उहाँहरु हामीदेखि प्रशन्न भइदिनुहोस् । हामी उहाँहरुलाई बारम्बार नमस्कार गर्दछौं ।

माध्यान्दिनीय शाखाअन्तर्गतको शुक्लयजुर्वेदको १३औं अध्यायमा पनि नागलाई नमस्कार गरिएको छ - नमोस्तु सर्पेभ्यो येकेच पृथिवी मनु यो अन्तरिक्षे ये दिवितेभ्यः सर्पेभ्यो नमः ।। यहाँ सर्पलाई पृथ्वीको मनु बताइएको छ ।

प्राणी शास्त्रका अनुसार नागका अनेक जाति प्रजातिहरु छन्, जसमा विषधारी नागको संख्या ज्यादै कम छ । भविष्यपुराणमा पनि नागको लक्षण, नाम, स्वरुप र जातिको विस्तारबारे वर्णन गरिएको पाइन्छ । जसमा मणिधारी तथा इच्छधारी नागको पनि उल्लेख गरिएको पाइन्छ । नागलोक र नागका विशेषताको बारेमा अझ विस्तारको रुपमा पढ्न चाहेदेखि परमपूज्य योगी श्री शिवशक्तिनाथद्वारा प्रणीत पुस्तक 'सूक्ष्म शरीरको यात्रा' अध्ययन गर्न सक्नुहुन्छ ।

नागपञ्चमी पर्वले नागहरु एवं अन्य जीवहरुप्रति सम्मान, सम्बर्द्धन एवं उनीहरुको संरक्षणको लागि प्रेरणा दिन्छ । यो पर्व प्राचिन समयअनुरुप आज पनि हाम्रो अन्तरदृष्टिमा उत्तिकै आवश्यक एवं प्रासंगिक छ ।

हाम्रो कृषि सम्पदाको नाश गर्ने जीवहरुबाट रक्षाका साथै पर्यावरण रक्षा, जलस्रोत र वन सम्पदामा पनि नागको महत्वपूर्ण भूमिका रहेको छ भने आध्यामिक हिसाबले पनि नागको महत्व धेरै ठूलो छ ।

नागको कृपा र आशीर्वाद प्राप्त गर्न सकेमा हाम्रा भौतिक एवं आध्यात्मिक उन्नति, प्रगति सहजरुपमा हुन सक्छ, तर त्यो त्यति सहज छैन । यसका लागि त श्रद्धा, भक्तिका साथ सद्‌गुरुदेव प्रदत्त प्राण प्रतिष्ठित नाग तस्विर स्थापना र पूजनको आवश्यकता हुन्छ ।

त्यसैले यस्तो दिव्य अवसरमा नागदेवहरुको आशीर्वाद प्राप्त गर्दै आफ्नो जीवनमा रहेका दुःख, दरिद्रता नाश गर्न चाहनुहुन्छ भने सकेसम्म प्राणप्रतिष्ठित नागफोटो या मूर्ति नै खोज्ने प्रयास गर्नुहोला ।

# खानपिनका कुरा



**तुल्सीराम पाण्डे**

अचेलका सबै मानिसहरूले स्वस्थ रहनको लागि खानामा विशेष ध्यान दिने गर्दछन् । स्वास्थ्य विज्ञ र पोषण विज्ञका सुझावहरूको पालना गर्दछन् । कुन खानामा कति क्यालोरी हुन्छ र कसरी बनाएर खाने भनेर धेरै अनुसन्धानहरू भएका छन् । त्यसैको अध्ययन गरेका आधुनिक विज्ञहरूले सेमिनार र गोष्ठीहरूमा पोषण तालिम दिने गर्दछन् । सन्तुलित आहार तालिम, पोषण तालिम खाद्य सुरक्षा तालिम जस्ता अनेक नाममा गोष्ठी हुन्छ । त्यस्ता गोष्ठीहरूमा प्रायः बच्चालाई दूध खुवाउँदा आधा पानी थपेर खुवाउनु पर्छ । कानमा तेल राख्नु हुँदैन । बच्चालाई माटोमा खेल्न छोड्नु हुँदैन । तीन महिना पुगेपछि पाकेट र डब्बाको लिटो खुवाउनुपर्छ । अण्डा खुवाउनु पर्छ । वयस्क मानिसहरूले दाल भातमात्र खाँदा क्यालोरी पुग्दैन । भातसँग घ्यू तेल खानु हुँदैन । सन्तुलित आहार खानुपर्दछ । घ्यू तेल खानाले ग्यास्ट्रिक हुन्छ । मधुमेह रक्तचाप हुनसक्छ भनेर सतर्क गराउने तालिम दिन्छन् ।

यस्ता सतर्कताका तालिमहरू दिए पनि पहिलेको तुलनामा रोगहरू र रोगीहरूको सङ्ख्या बढ्दै गएको छ । त्यसको कारण खोज्नर समाधान गर्नको लागि कतै पनि अनुसन्धान भएको छैन । नेपालमा आधुनिक प्रविधि र विज्ञहरु नभित्रिदासम्म रोगीहरूको सङ्ख्या कम थियो । रोग लागे पनि यहींको औषधीबाट सन्चो हुन्थ्यो । यहाँ जे उत्पादन हुन्छ, त्यसैलाई पुरानै तरिकाबाट तयार गरेर खाँदा नै पोषण पुगेको थियो । मानिसहरू स्वस्थ थिए । पहिले मानिसले सुख पाउने बहानामा आधुनिक सुविधासँगै पोषण र क्यालोरी नष्ट गर्ने प्रविधि भित्र्याउने गरे । त्यसपछि फेरि पोषण पूरा गर्ने बहानामा आफ्ना तयारी सामानहरू बेचेर पैसा कमाउने । पश्चिमाहरूले बनाएका बहुराष्ट्रिय कम्पनीहरूले जसरी पनि नाफा कमाइरहेकै छन् । यसको गहिराइखोज्दै जाँदा पुरानो उखान "आफैँ बोक्सी, आफैँ धामी" सम्म पुगिन्छ । त्यहाँसम्म पुग्न फुर्सद नभए पनि पहिलेका मानिसले कुन समयमा कस्तो खाना कसरी खान्थे त्यसको कुरा गरौं ।

सबै मानिसहरूलाई सधैँ खान पुग्ने अन्न हुँदैनथ्यो । भएको अन्नलाई वर्षभरि पुऱ्याउन कोसिस गर्थे । त्यस भन्दाथोरै हुनेहरूले मौसममा र कमाएको समयमा धोको पुऱ्याएर खान्थे । काम गर्ने मानिसहरूले पनि मेलापात जाँदा र पर्वको समयमा राम्रोसँग खान्थे । कज्याउनेहरूले पनि कामदारहरूलाई राम्रोसँग खानदिन्थे । कुनै कुनै ठाउँमा "पाहुना चम्काउनी खेतारा पल्काउनी" भन्ने उखान सुन्न पाइन्छ । साना बच्चाहरूलाई आमाको दूधले नअघाउने भएपछिमात्र गाईभैँसीको दूध खुवाउँथे । दूध पनि धेरै बेर तताएर आधा घटाएर घ्यूले झान्थे । भात खुवाइ गरेर अन्न खुवाउन सुरु गरेपछि सधैँ कटौरा वा सानो दिउरोमा खिर, ढकनी, मेथीजाउलो बनाएर खुवाउँथे । जे पकाएर खुवाए पनि घ्यू अनिवार्य नै हुन्थ्यो । आमा र बुढी आमाहरूले फकाएर, बोकेर डुलाएर र कथा सुनाएर खुवाउँथे । सधैँ शुद्ध तेल घस्ने र आफैँ खेल्न सक्ने भएपछि खेल्न छोडिदिन्थे । त्यसरी खेल्दा व्यायाम पुग्ने हुनाले बच्चाहरू बलिया हुन्थे । सुत्केरी महिलालाई घ्यू राखेर पकाएको खाजासँग घ्यू वा तेल पिउन दिन्थे । तोरी पेल्ने समयमा धेरै तेल राखेर चुहुँदै खाजा पकाएर खान्थे । कोलको नजिकै तेल राखेर पकाएको खाजालाई "कोलेखाजा" भन्थे । कोल बोक्ने लोग्ने मान्छेले ठाडो घाँटी लाएर एक माना तेल छकछक पानी खाए जस्तै खाएर एक्लै कोलको बियो बोकेर हिँड्थे । बराउनी गर्नेले जन्ते भाग खाँदा एक माना घ्यू दूधसँग मुछे जस्तै गरेर भात मुछेर खान्थे । चतुर्दशी, औंशीमा सबैको घरमा खिर, ढकनी पकाउँथे । दशैंमा सबैको घरमा कुराउनी घोटेर खान्थे । बिहान र बेलुकाको दूध घोटेपछि धोको फेरुन्जेल खानपुग्थ्यो । तिहारमा थरी थरीका सेलरोटी अचेल पनि बनाउँछन् । २०/२२ वटासम्म सन्तान जन्माएका महिलाहरू पनि स्वस्थ नै भेटिन्छन् ।

माघे सङ्क्रान्तिमा रोटा फुरौला खान्थे । तिजमा चेलीबेटी बोलाएर ३ पहर खाजा र रातमा खिर खुवाउँथे । चेलीबेटीले पनि माइतमा आएर काम गर्न नपर्ने हुनाले खुसी हुन्थे । सहकालको समय भएको हुनाले खोजेर पनि मिठै खान्थे । हरिया मकै र दूध खाएर पनि खुसी हुँदै नाचगान गर्थे । गर्मीको समयमा इज्जतको पाहुना गएमा पानीसँग दही, मही, खुदो, मिस्री र मालभोग केरा दिन्थे । जाडोमा तातो दूध र तातो खुदो दिन्थे । छोरी छोड्न जाने भरिया र सरदारले दुवैतर्फ इज्जत साथ खान पाउँथे । कुराउनीका भारी बोकेर जानेलाई पनि मैलो वा च्यातिएको लुगा भएमा घरबाट अर्को जाँगे कमिज दिएर लैजान्थे । माइतबाट पनि सरदारसँगै टीका लगाएर दक्षिणा र खाजा दिएर बिदा गर्दथे । लाउरेको भारी बोक्नेले पनि जनजातिको घरमा भएमा थपीथपी रक्सी, मासु र अरु परिकार खान्थे । निमेक गर्नेहरूले बेलामौकामा खान पाउँथे भने बाली घरेहरूले सधैं खान पाउँथे । खान नआए पनि आफ्नो भाग माग्न आउँथे ।

घरगोठ छाउँदा, तलो छाप्दा, काठपात बोक्दा र अन्य सघाउका काममा जाँदा आलो पालो र मिलेर काम गर्दथे । बिहानै काममा गएपछि एक-एक कटौरा दूध र रोटी खाएर काम सुरु गर्ने, अनदी, झिनुवाका खाजा माथिबाट घ्यू तताएर डाडुले खन्याइदिने, कसैले घ्यू तताएर कटौरा भरी राखिदिने । घ्यूमा मुछेर चुहुँदै खाने । मौसमअनुसार सिमी, पिँडालु र तरुलको तरकारी खाने । कटौराभरि दूधदिने । मेवा, कर्कलो, मुला र अरू चिजको अचार दिने । नास्ता खाँदा पनि सिमी, बोडीको बिरम्ला, चाम्रे खाजा, सेलरोटी र ट्वाक्कको अचार छानामाथि लगिदिने । कुनै ठाउँमा गिठा, तरुल र भ्यागुर उसिनेर र पोलेर दिने । खान्दानी पाहुना आउँदा चुलो लगाएर दाल भात पकाउने, धेरै थरिका परिकारसहित थालको वरिपरि धेरै कटौरा र दुना (बौता) राखिदिने । हातधुनलाई एउटा दुनामा चिनी वा खुदो दिने । घ्युसँग खाएको हातचिनी या खुदोले माडेर धुने । डिठ्ठा, विचारी र तालुकदारले त्यसै गर्थे । उनैका सन्तानहरूले पनि हामी त चिनीले हातधुनेको सन्तान हौं भनेर भटकेई पार्थे । आफ्नो घरमा आलय कम हुने र बाहिरबाट खोज्नु पर्ने मानिसहरूले पुऱ्याएर र फारु गरेर दिन्थे । हिउँदमा छोरी घरमा पठाउँदा फिनी, अर्सा, अनरसा, झर र कुराउनीको पाहुर बनाएर पठाउँथे । बुहारी आउँदा पनि पाहुर लिएर आउँथे । समय र पर्वअनुसारको खानपिनकै कारणले कोही पनि बिरामी पर्दैनथ्यो । खाएको कुरा सबैले पचाउँथे । कहिलेकाहीँ साना केटाकेटीलाई पेट दुखेमा बिरेनुनमात्र खाएपछि सन्चो हुन्थ्यो ।

अचेलको भतेरमा पुलाउ मासु पकाउँछन् । फिल्टर तेल प्रयोग गर्छन् । डाक्टरले भनेअनुसारको सन्तुलित खाना खान्छन् । दुई/तीनवटामात्र बच्चा पाउँछन् । तर पनि मानिसहरू रोगी र कमजोर बन्दै गएका छन् । यसको स्वतन्त्र अध्ययन गर्न आवश्यकछ ।

# नेप्से परिसूचक झिनो अङ्कले घट्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार सामान्य अङ्कले घटेको छ । परिसूचक शून्य दशमलव ०६ प्रतिशत अर्थात् दुई दशमलव ०७ अङ्कले घटेर दुई हजार ९६२ दशमलव १३ विन्दु कायम भएको छ ।

कारोबार रकममा भने उत्साह देखिएको छ । विभिन्न ३२१ कम्पनीका चार करोड ४१ लाख २४ हजार ९२४ कित्ता शेयर एक लाख ७० हजार ७२६ पटक खरिदबिक्री हुँदा रु १९ अर्ब ३६ करोड आठ लाख ७३ हजार ३४ दशमलव २९ बराबरको कारोबार भएको छ ।

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९, सान्भी इनर्जी लिमिटेडको नौ दशमलव ९२, ट्रेड टावर लिमिटेडको नौ दशमलव ५३ प्रतिशतले बढेको छ । साथै बिन्दबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य आठ दशमलव ४९, लक्ष्मी उन्नती कोषको सात दशमलव ५२ र ग्रीन भेञ्चर लिमिटेडको पाँच दशमलव ०८ प्रतिशतले घटेको छ ।

# सामाजिक सुरक्षा कोषबारे अभिमुखीकरण




बुटवल । बुटवलमा उद्योगी व्यवसायीलाई सामाजिक सुरक्षा कोषका विषयमा अभिमुखीकरण गरिएको छ। बुटवल उद्योग वाणिज्य संघ रुपन्देही र सामाजिक सुरक्षा कोष शाखा कार्यालय बुटवलको आयोजनामा सोमबार संघमा आबद्ध उद्योगी व्यवसायीलाई अभिमुखीकरण गरिएको हो ।

कार्यक्रममा सामाजिक सुरक्षा कोष बुटवल शाखाका कार्यालय प्रमुख केदार पौडेलले योगदानमा आधारित सामाजिक सुरक्षा कोष, यसको स्थापना, उद्देश्य, सञ्चालन, योगदानकर्ता, योजना, आवद्ध हुने प्रकृया, प्राप्त हुने लाभ र आश्रित परिवारले पाउने सेवा सुविधालगायतका विविध विषयमा जानकारी गराएका थिए ।

उनका अनुसार योगदानमा आधारित सामाजिक सुरक्षा कोष श्रमिकको जीवनभरको सुरक्षाका लागि श्रमिक तथा रोजगारदाताले संयुक्त रूपमा योगदान गर्ने सरकारी योजना हो । जसमा योगदानकर्ता कामदारको नाममा मासिक तलबको ३१ प्रतिशतको दरले रकम जम्मा हुन्छ। त्यसमध्ये कामदारको तलवबाट ११ प्रतिशत र रोजगारदाताले २० प्रतिशत योगदान गर्नुपर्ने उनले बताए ।

त्यसबापत कोषले दुर्घटना बिमा, स्वास्थ्योपचार, मातृत्व भत्ता, शिशु स्याहार भत्ता, घातक रोग उपचार खर्च, दीर्घकालिन पेन्सनलगायतका सेवा प्रदान गर्दछ । उक्त कोषमा औपचारिक, अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक र वैदेशिक रोजगारदाता पनि यो कोषमा आबद्ध हुन सक्नेछन् ।

बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले सामाजिक सुरक्षा कोषमा आबद्ध भएपछि श्रमिकलाई भविश्यमा आइपर्ने संकटको सामना गर्न सहज हुने विश्वास व्यक्त गरे । उनले योगदानमा आधारित सामाजिक सुरक्षा र सुविधा समेत प्राप्त हुने भएकाले निम्न आय भएका व्यक्तिका लागि बलियो टेवा पुग्ने भनाइ राखका थिए । उनले भने-'सरकारको स्वामित्वमा रहेका संस्थाहरू अझै पनि कोषमा नजाँदा चुनौती छ, तर निजी क्षेत्रबाट सामाजिक सुरक्षा कोषमा आबद्ध भएको बुटवल उद्योग वाणिज्य संघ पहिलो संस्था हो ।'

कार्यक्रममा बुटवल उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य उज्ज्वलप्रसाद कसजूले साउथ एसियाको जीडीपिको आधारमा नेपालमा श्रमिकलाई दिईने न्यूनतम पारिश्रमिक एकदमै राम्रो रहेको र यहाँको महँगीलगायतका आधारमा ज्यादै न्यून रहेको बताउँदै यी दुईबिचको तारतम्य नमिल्दा युवाहरु विदेश पलायन भइरहेको भनाइ राखेका थिए । उनले सामाजिक सुरक्षा कोष श्रमिकको मात्रै नभई उद्योगी व्यवसायीहरुको समेत हितमा रहेको बताउँदै यसलाई अझै वैज्ञानिक बनाउन आवश्यक रहेको जनाए ।

त्यसैगरी संघका पूर्वअध्यक्ष सुरेन्द्रप्रसाद श्रेष्ठले योगदानमा आधारित सामाजिक सुरक्षा कोषलाई ट्र्याकमा ल्याउन धेरै कुराहरु सुधार गर्नुपर्ने भनाइ राखेका थिए। उनले साना उद्योग तथा व्यवसायिक प्रतिष्ठानहरुमा छोटो अवधि काम गर्ने मजदुरलाई सामाजिक सुरक्षा कोषमा कसरी जोड्ने, उद्योगी व्यवसायीलाई त्यसबाट कसरी लाभ दिन सकिन्छ त्यसतर्फ पनि ध्यान दिइनुपर्ने बताए ।

संघका वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरेको धन्यवाद तथा महासचिव मुक्ति अधिकारीको सञ्चालनमा भएको कार्यक्रममा पूर्वअध्यक्ष निर्मलप्रसाद लाकौल, उद्योग उपाध्यक्ष सुरज भट्टराई, वाणिज्य उपाध्यक्ष विमलराज भट्टराई, कोषाध्यक्ष बसन्तप्रसाद ढकाललगायत पदाधिकारी सदस्य तथा बस्तुगत समितिका सभापति उपसभापतिहरुको सहभागिता रहेको थियो ।

# सडक स्तरोन्नतिको अवलोकन



देवदह । प्रतिनिधिसभा सदस्य छविलाल विश्वकर्माले देवदह नगरपालिका-७, स्थित मदन आश्रित हुँदै उत्तरतर्फ हिलेटोल जाने सडक स्तरउन्नतिको अवलोकन गरेका छन् ।

संघीय सरकारको आर्थिक वर्ष २०८१/०८२ मा दुई करोड १७ लाखको लागतमा मदन आश्रित हुँदै उत्तरतर्फ हिलेटोल जाने सडक स्तरउन्नति गरिएको हो । मदन आश्रित हुँदै उत्तरतर्फ हिलेटोलसम्म करिव ११ सय ६० मिटर बाटो स्तरउन्नति गरिएको देवदह-७, का वडाध्यक्ष कृष्णप्रसाद अधिकारीले जानकारी दिए । पहिलो चरणमा एक करोड र दोश्रो चरणमा एक करोड १७ लाखको लागतमा ११ सय ६० मिटर बाटो स्तरउन्नति गरिएको शहरी विकास मन्त्रालय रुपन्देहीका इञ्जिनियर शुसिल रसाईलीले जानकारी दिए ।

सो अवसरमा बोल्दै प्रतिनिधिसभा सदस्य विश्वकर्माले संघीय सरकारले ३ करोडभन्दा तलको योजना बनाउने नपाउने नीति रहेको बताए ।

उनले स-साना योजनामा संघीय सरकारबाट बजेट बिनियोजन गर्न नसकिने प्रावधान रहेकोले यस्ता योजनाहरु प्रदेश र स्थानीय सरकारले हेर्नुपर्नेमा जोड दिए । पूर्वमन्त्री समेत रहेका सांसद विश्वकर्माले विकास निर्माणहरुको मर्मत संभारसँगै संरक्षणमा स्थानीयवासीहरु लाग्नु पर्ने बताए । सोही अवसरमा बोल्दै देवदह नगरपालिका प्रमुख ध्रुवप्रसाद खरेलले यही साउनभित्र अव्यवस्थित बसोवास तथा सुकुम्बासीहरुलाई लालपुर्जा तिवरण गर्ने तयारी गरिरहेको जानकारी दिए ।

उनले देवदह नगरपालिकामा ८ सय ४४ वटा लालपुर्जा तयार भइरहेको बताउँदै यही साउनभित्र लालपुर्जा वितरण गर्ने बताए। यसैगरी राष्ट्रपति चुरे संरक्षण कार्यान्वयन कार्यालय रुपन्देहीका प्रमुख अणनाथ बरालले स्थानीय तह संग समन्वय र सहकार्य गरेर चुरेक्षेत्रको संरक्षण गर्ने जनाए ।

उनले राष्ट्रपति चुरे संरक्षण कार्यान्वयन कार्यालयले तटबन्धन, वृक्षरोपण जस्ता काममा बजेट बिनियोजन गर्ने भएकोले समयमै योजना माग गर्न आग्रह गरे । देवदह नगरपालिका-७, का वडाध्यक्ष कृष्णप्रसाद अधिकारीको अध्यक्षतामा भएको अनुगमन कार्यक्रममा उपप्रमुख विद्यालक्ष्मी गुरुङ्, नगर प्रवक्ता गणेश डुम्रे, जनप्रतिनिधि, टोल विकास संस्थाका प्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि, समाजसेवी तथा सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

### रुपन्देहीमा...

जसमध्ये, ६ हजार १ सय १४ वटा कारबाही तीव्र गतिमा सवारी चलाउने छन् । २ सय ५८ वटा सवारीलाई कारबाहीका लागि यातायात कार्यालय पठाइएको छ। सवारी साधनको स्वरुप परिवर्तन गरी चलाएका ११ वटा सवारी साधनसहित चालकलाई कारबाही गरेको छ ।

ट्राफिक प्रहरी प्रमुख रञ्जु केसीले सुविधासम्पन्न सडकमा चालकको लापरबाही र तीव्र गतिका कारण दुर्घटना बढेको बताउँदै दुर्घटनाको कारणमध्ये एक प्रमुख सडक तथा राजमार्गहरु सुविधासम्पन्न र व्यवस्थित हुन पनि रहेको छ, सुविधा सम्पन्न भएपछि लापरबाही गरेर चलाउँदा दुर्घटना हुने गरेको देखिएको छ ।

नियमविपरीत सवारी चलाउने सवारी चालक तथा सवारी धनीलाई कारबाही पनि हुने गरेको छ। कारबाहीबाट ६ करोड ८ लाख ४९ हजार रुपैयाँ राजस्व संकलन भएको छ, जसमा तीव्र गतिमा सवारी चलाउनेबाट मात्रै ३१ लाख रुपैयाँभन्दा बढी राजस्व उठेको उनले बताइन ।

सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरी कार्यालयबाट नियमित रुपमा सचेतनाका कार्यक्रम चलिरहेका हुन्छन्, एक वर्षको अवधिमा २ हजार २ सय १० वटा सचेतनाका कार्यक्रम सञ्चालन भएको छ । यस्तै प्रविधिमैत्री हुँदै एएनपीआर क्यामेरासहितको राडरगनको प्रयोग भइरहेको छ । बुटवल-भैरहवा सडक खण्डको ६ स्थानमा ट्राफिक लाइटबाट सवारीसाधन व्यवस्थित गर्ने प्रयास भइरहेको छ । डिजिटल इ चलान, बाटोमा सिसी क्यामराबाट निगरानी, कारबाहीलाई प्रविधिमैत्री बनाउन डिजिटल भुक्तानीमार्फत् ट्राफिक जरिवानालगायतको काम भइरहेको छ ।

### मन्त्री...

अब १२ जना मन्त्री भएका छन् । पाण्डे मन्त्री नियुक्त भएपछि उनको दलकभित्र विवाद उब्जिएको छ ।

संसदीय दलका उपनेता कन्हैया बानियाँले संसदीय दलमा कुनै छलफल र निर्णयबिना पाण्डे मन्त्री नियुक्त भएको कुरा आफूहरुले सञ्चारमाध्यमबाट थाहा पाएको बताए । पाण्डे यसअघि प्रदेश सरकारमा दुई पटक मन्त्री भइसकेका छन् । उनीमाथि चरम सत्तालोलुप नेता भएको आरोप छ ।

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

मतिलाल गिरीको छोरी, तारापति क्षेत्रीको छोराबुहारी, भिम बहादुर क्षेत्रीको श्रीमती लुम्बिनी प्रदेश रुपन्देही जिल्ला सैनामैना नगरपालिका वडा नं. ०३ बस्ने देउ कला वर्माले यस शाखामा बचत खाता नं. २०९१५२४०३०४५१३ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०४/१७ मा निज खातावाला देउ कला वर्माको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतककी छोरी नाता पर्ने पुष्पा क्षेत्रीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक देउ कला वर्माको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

NEPAL SBI BANK LTD.
**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
फोन नम्बर :- ०७९–५२१०२९
फ्याक्स :- ०७९–५२११९४

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

पन्च रत्न दगामीको नाति, हरि प्रसाद दगामीको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला, चन्द्रकोट गाउँपालिका वडा नं. ०६ बस्ने दुर्गा बहादुर दगामीले यस शाखामा बचत खाता नं. २०९१५२४०३०१४९२ संचालन गर्दै आउनु भएकोमा मिति २०८०/११/१२ मा निज खातावाला दुर्गा बहादुर दगामीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने कुमारी देवी दगामीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक दुर्गा बहादुर दगामीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

NEPAL SBI BANK LTD.
**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
फोन नम्बर :- ०७९–५२१०२९
फ्याक्स :- ०७९–५२११९४

## शितगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

Shitaganga Municipality

### आन्तरिक आय संकलनको लागि विद्युतीय दरभाउपत्र आह्वान सम्बन्धी सूचना ।।

**(प्रथम पटक प्रकाशित भएको मिति २०८२/०४/१३ )**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ),शितगंगा नगरपालिकाको निर्णय अनुसार नगरपालिकाको आर्थिक ऐन २०८२ मा उल्लेखित अनुसूची १३ र २० (क) बमोजिमको दररेट अनुसार आय संकलन गर्नुपर्ने भएकोले यो सूचना आह्वान गरिएको छ। सूचनामा उल्लेख भए बमोजिमका शर्तहरुको अधिनमा रही न्यूनतम ठेक अंकमा नघट्ने गरी आ.व. २०८२/०८३ को असार मसान्त सम्मको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएको हुँदा इच्छुक मुल्य अभिवृद्धि करमा दर्तावाला व्यवसायी/फर्महरुले आफुले लिन चाहेको ठेक्काको दरभाउपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) रा.ब.बैंक ठाडा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३३८०१००३०१०१०००३ मा दाखिला गरी छुट्टा-छुट्टै खरिद गर्नु पर्नेछ। दरभाउपत्र दाताले आफुले कवोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई कवोल रकमको (मु.अ.कर बाहेक) ५% का दरले हुन आउने धरौटी रकम यस शितगंगा नगरपालिकाको नाममा रा.वा. बैंक, ठाडा शाखामा रहेको धरौटी खाता नं. ३३८०१००३०३०१०००३ मा जम्मा गरी सो को सक्कल भौचर संलग्न राखी वा राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकले जारी गरेको कम्तीमा ७५ दिनको म्याद भएको बैंक जमानत संलग्न गरी निर्दिष्ट स्थानमा दरभाउपत्र दाताले सहिछाप गरी मिति २०८२।०४।२८ गतेका दिन १२:०० बजे भित्र दरभाउपत्र पेश गरी सक्नु पर्नेछ। पेश हुन आएका दरभाउपत्रहरु सोही दिनको १:०० बजे यसै कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा बदर गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ। शर्त, बन्देज तथा थप जानकारीको लागि नगरपालिकाको सूचना पाटी/Website-shitagangamun.gov.np मा हेर्न वा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१. **कर, सेवा शुल्क तथा दस्तुर सम्बन्धी ठेक्काको विवरण।**

| सि.नं. | ठेक्का नं. आ.व. २०८२/०८३ | कार्य विवरण | न्युनतम ठेक्का अङ्क रु.(मु.अ.कर बाहेक) | फारम दस्तुर रु. | संकलन गर्न पाईने करका दरहरु |
|---|---|---|---|---|---|
| १ | 01-SM/ R01/SQ/2082/083 | अन्य कर- नगर क्षेत्र भित्र उत्पादन हुने माल बस्तु संकलन भई बिक्री हुने कवाड मालवस्तुको बिक्री कर । | १,५०,०००।- | १००० | आर्थिक ऐन २०८२ को अनुसूची २० (क) अनुसार |
| २ | 02-SM/ R02/SQ/2082/083 | नगर क्षेत्र भित्रको विज्ञापन कर | १०००००।- | १००० | आर्थिक ऐन २०८२ को अनुसूची १३ अनुसार |

**खखप्रमुख प्रशासकीय अधिकृत**

TRIBHUVAN UNIVERSITY MADHYABINDU MULTIPLE CAMPUS Kawasoti, Nawalparasi

## मध्यविन्दु बहुमुखी क्याम्पस
**Accredited by UGC Nepal (2022 AD)**
**कावासोती, नवलपरासी (ब.सु.पू.)**

### दरखास्त आह्वान सम्बन्धी सूचना !

**(प्रथम पटक प्रकाशित मिति : २०८२/०४/१३ गते मंगलबार)**

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त एवम् विश्वविद्यालय अनुदान आयोगबाट **QAA Certified** यस मध्यविन्दु बहुमुखी क्याम्पस कावासोती, नवलपरासी (ब.सु.पू.) का लागि तपसिलमा उल्लेखित पदमा खुल्ला प्रतिस्पर्धाद्वारा स्थायी सेवामा नियुक्ति गर्नुपर्ने भएकाले तोकिएको योग्यता पुगेका उम्मेद्वारहरुले तपसिल बमोजिमका कागजातहरु संलग्न गरी तोकिएको समयावधिभित्र दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी आएका वा रीत नपुगेका दरखास्त उपर कुनै कारबाही गरिने छैन । दरखास्त बुझाउने अन्तिम मितिसम्म क्याम्पस प्रशासन समक्ष आइपुग्ने गरी दरखास्त आह्वान गरिन्छ ।

**तपसिलः**

| विज्ञापन नं. | पद | पद संख्या | सेवाको किसिम | शैक्षिक योग्यता | उमेर | आवेदन शुल्क | छनौटको किसिम |
|---|---|---|---|---|---|---|---|
| १/२०८२/०८३ | उप-प्राध्यापक | व्यवस्थापन-२ | स्थायी | मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा न्यूनतम् द्वितीय श्रेणीमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण भई कम्तीमा ५ वर्ष सोही विषयमा विश्वविद्यालय तहमा शिक्षण अनुभव भएको । | ४५ वर्ष ननाघेको | रु. ५०००/- (पाँच हजार रुपैंया मात्र) | लिखित र अन्तर्वार्ता |

- दरखास्त बुझाउने अन्तिम मितिः २०८२/०४/२७ गते मंगलबार कार्यालय समयभित्र
- सम्पर्क मितिः २०८२/०४/२८ गते बुधबार कार्यालय समयभित्र
- तलब सुविधाः क्याम्पसको नियमानुसार ।
- छनौट परीक्षाः सम्पर्क मितिको दिन तोकिनेछ ।

**दरखास्तसँग संलग्न हुनुपर्ने कागजातहरु**

: नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
: शैक्षिक योग्यता तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपि,
: विदेशी शैक्षिक संस्थाबाट प्राप्त प्रमाणपत्र भए समकक्षता निर्धारण भएको प्रमाणपत्रको प्रतिलिपि ।

अन्य थप जानकारीको लागिः फोन नं. ०७८-५४०४७३, ५४०४७९, ५४०३५१ मो. ९८५७०४०६२७
URL: madhyabindu.edu.np, Email: info@madhyabindu.edu.np

**क्याम्पस प्रमुख**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# टोल टेक्सको छलफल निश्कर्षविहीन

नवलपरासी । परासीमा भुमही-भैरहवा सडकमा टोल टेक्स लगाउने विषयमा भएको छलफल बिना निश्कर्ष सकिएको छ। सडक बोड नेपाल राजनीतिक दललगायत सरोकारवालाबिच सोमबारमा भएको छलफल बिना निश्कर्ष सकिएको हो।

सडक बोड नेपालको टोलीले टोल टेक्स लगाउनु पर्ने र जिल्लाका राजनीतिक दल तथा सरोकावालाले टोल टेक्स लगाउन उपयुक्त नरहेको भन्ने विषयमा भएको छलफल बिना निश्कर्ष सकिएको हो । छलफलमा भुमही परासी, भैरहवा २६ कि.मी हुलाकी सडकमा सडक बोड नेपालले टोल टेक्स लगाउँदा नागरिकमा राम्रो सन्देश नजाने र टोल टेक्स उठाउन निर्माण गरिएको स्थान समेत उपयुक्त नभएको नवलपरासीका राजनीतिक दल तथा सरोकारवालाले जोड दिएका थिए।

जिल्ला समन्वय समितिका प्रमुख भगवती यादवको पहलमा भएको छलफलमा संघीय सांसद ध्रुवबहादुर प्रधान, प्रदेश सभासद बैजनाथ जयसवाल र जिल्लाका राजनीतिक दलले सुमही, परासी, भैरहवा सडकमा टोल टेक्स उठाउन उपयुक्त नहुने बताएका छन् । राजनीतिक दल तथा सरोकारवालाले टोल टेक्स उठाउने भए पूर्व पश्चिम राजमार्गमा उठाउन सुझव दिएका थिए।

उनीहरुले पूर्व पश्चिम राजमार्ग समेत बन्ने क्रममा रहेको हुँदा अहिले नै राजमार्गमा टोल टेक्स उठाउन उपयुक्त नहुनेमा जोड दिएका छन्। छलफलमा सडक बोड नेपालका कार्यकारी निदेशक गणेशबहादुर केसी, डिभिजन सडक कार्यालय बुटवलको टोलीले भुमही-परसी, भैरहवा २६ कि.मी सडक एडीबीले निर्माण गरेर नेपाल सरकारलाई हस्तान्तरण गरिसकेको हुँदा टोल टेक्स उठाउन थालिएको बताएको थियो।

उक्त सडक २०७६ देखि राष्ट्रिय राजमार्गअन्तरगतको सडकमा परिणत भएको र उक्त सडक मर्मत सम्भारका लागि टोल टेक्स उठाउन लागिएको सडक बोड नेपालका निर्देशकको टोलीले जोड दिएको थियो।

भुमही-परासी-भैरहवा सडकमा गाडीको अत्याधिक चाप भएको र सडक मर्मत सम्भारका लागि टोल टेक्स उठाउनुको विकल्प नभएको सडक बोड नेपालका कार्यकारी निर्देशक गणेश केसीको टोलीले जोड दिएको थियो।

जिल्ला समन्वय समितिका प्रमुख भगवति यादवले अहिलेको अवस्थामा टोल टेक्स उठाउन उपयुक्त नरहेको, सडक बोडले निर्माण गरेको संरचना उपयुक्त नभएको र पूर्व पश्चिम राजमार्गको निर्माण पूरा नहुँदासम्म टोल टेक्स उठाउन उपयुक्त नभएकोमा जोड दिँदै आफूहरु विकासको बाधक नभएको समेत बताए।

सडक बोड नेपालले रामग्राम १२ मा टोल टेक्स उठाउने भनेर लामो समयदेखि उक्त स्थानमा संरचना निर्माण समेत गरेको छ।

# लुम्बिनीलाई शान्ति अनुसन्धानको प्रमुख केन्द्र बनाउने घोषणा



भैरहवा । दीगो विकासका लागि बौद्ध शिक्षा र कुटनीति विषयक लुम्बिनीमा जारी दुई अन्तर्राष्ट्रिय गोष्ठी १५ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ। लुम्बिनी बौद्ध विश्वविद्यालयको आयोजना र साउथ एसिया फाउन्डेसन, भारतीय राजदूतावासको सहकार्यमा भएको गोष्ठीमा नेपाल र भारतका कुटनीतिज्ञ, विश्वविद्यालयका पदाधिकारी तथा बौद्ध विद्वानहरुको सहभागिता रहेको थियो।

गोष्ठीले बौद्ध दर्शनमा आधारित रही विश्वव्यापी शान्ति कुटनीति विस्तारमा जोड दिएको छ। लुम्बिनीलाई शान्ति अनुसन्धानको प्रमुख केन्द्रका रुपमा विकास गर्ने घोषणा गोष्ठीमार्फत् गरिएको छ। विश्वका सङ्घर्षग्रस्त संवेदनशील क्षेत्रहरूमा संवाद र समस्या समाधानका लागि बौद्ध वातावरणीय कूटनीतिक केन्द्रहरू स्थापना गर्नुपर्ने गोष्ठीबाट निष्कर्ष निकालिएको छ।

प्रकृतिप्रति करुणा र अन्तरनिर्भरतासम्बन्धी बुद्धका शिक्षामा आधारित पर्यावरणीय शान्तिको प्रवर्धन गर्ने, कूटनीतिज्ञहरूका लागि माइन्डफुलनेस आधारित तालिम कार्यक्रम सुरु गर्नुपर्ने घोषणा गोष्ठीबाट गरिएको छ। जसको माध्यमबाट द्वन्द्व समाधान र ध्यान अभ्यासमा केन्द्रित हुन सकिने विज्ञहरुको धारणा छ।

त्यस्तै बौद्ध मूल्य र नैतिक सिद्धान्तहरूसँग मेल खाने कूटनीतिक आचरणको मापदण्ड तय गर्ने विश्वव्यापी मान्यता प्राप्त बौद्ध नैतिक सम्बन्ध विकास गर्ने, नेपाल तथा भारतका बौद्ध तीर्थस्थलहरुमा एकीकृत शान्ति पर्यटनलाई प्रवर्धन गरी आपसी समझदारी र सांस्कृतिक सौहार्दता बढाउनुपर्ने निष्कर्ष विज्ञहरुले निकालेका छन्।

बौद्ध दर्शन, शान्ति शिक्षा र दिगो विकासका लागि युवा सहभागितामा अन्तर्राष्ट्रिय बौद्ध शान्ति संस्थाहरु निर्माण, बौद्ध चिन्तनबाट प्रेरित भएर द्वन्द्वको पूर्वानुमान, गलत सूचना पहिचान, तथा ध्यान निर्देशित गर्ने उपकरणहरूसहित नैतिक कृत्रिम बौद्धिकता (एआई) प्रणालीहरूको विकासलाई प्रवर्धन गर्नुपर्ने जोड गोष्ठीबाट दिइएको छ।

ग्लोबल पीस इन्डेक्सको नमूनामा आधारित 'लुम्बिनी शान्ति सूचकांक' स्थापना गरी बौद्ध मूल्यहरूमा आधारित शान्ति सूचकहरूको मूल्याङ्कन गर्नुपर्ने निष्कर्ष निकालिएको छ। विश्वविद्यालयहरू र सरकारी निकायहरूसँग सहकार्यमा बौद्ध भिक्षु थिङ्क ट्याङ्कहरू गठन गरी वैश्विक संकटमा दार्शनिक तथा नैतिक मार्गदर्शन प्रदान गर्ने घोषणा गोष्ठीले गरेको छ । 'लुम्बिनी अन्तर्राष्ट्रिय डिप्लोम्याटिक रिट्रिट' हरेक वर्ष गर्ने, अन्तर्राष्ट्रिय कानून र द्वन्द्व समाधानका लागि बौद्ध कानुनी दर्शनको अध्ययन र प्रयोग प्रवर्धन गर्ने घोषणा गरिएको छ।

लुम्बिनी बौद्ध विश्वविद्यालयलाई र दक्षिण एसियाली शान्ति अनुसन्धान तथा दिगो विकास केन्द्रको सहकार्यमा लुम्बिनीलाई शान्ति अनुसन्धानको प्रमुख केन्द्रको रूपमा विकास गर्ने, लुम्बिनी बौद्ध विश्वविद्यालयलाई कूटनीति, शान्ति स्थापना, र दिगो विकासको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कूटनीतिक, शैक्षिक संस्थाहरूसँग सहकार्य गरी एक उत्कृष्ट केन्द्रको रूपमा विकास गर्ने घोषणा गरिएको छ।

गोष्ठीमा बुद्ध शिक्षा र विश्व कूटनीति, करुणा र द्वन्द्व समाधान, बौद्ध सिन्द्धान्तमा आधारित दीगो विकास, सहकार्य र शान्ति निर्माण विषयमा गोष्ठी भएको थियो। गोष्ठीमा कूटनीतिक एवं पूर्वराजदूत प्रा.डा. लोकराज बराल, भारतका पूर्व राजदूत डा. अमरेन्द्र खटुवा, पूर्व राजदूत रुचि घनश्याम, पूर्व राजदूत टंक कार्कीलगायतका विज्ञहरुले आफ्नो धारणा राखेका थिए । कार्यक्रममा ५८ जना विद्वानहरुले एजेण्डमा रहेर छलफल गरेका थिए । दुई दिनसम्म चलेको गोष्ठीमा पूर्व राजदूत, विश्वविद्यालयका उपकुलपतिहरु, बौद्ध विद्वान तथा अनुसन्धानकर्ताहरुले कार्यपत्र प्रस्तुत गरेका थिए।

लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति प्रा.डा. सुवर्णलाल बज्राचार्यले आगामी वर्षहरुमा पनि गोष्ठीलाई निरन्तरता दिने जनाउँदै सेमिनार सम्पन्न गरेका थिए। लुम्बिनी बौद्ध विश्वविद्यालयका डिन डा. माणिकरत्न शाक्यले घोषणा पत्र सुनाएका थिए।

# लुम्बिनीलाई शिक्षाको हव बनाउने तयारीमै छौं : तिमिल्सिना




बुटवल। लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाले लुम्बिनी प्रदेशलाई शिक्षाको हव बनाउने नीति तथा कार्यक्रममा २७ वटा बुदामा योजना प्रदेश सरकारले बनाएको बताएका छन्।

बुटवलको नवीन औद्योगिक कदरबहादुर रीता माध्यमिक विद्यालय देवीनगरमा 'सामाजिक विकास मन्त्रीसँग विद्यार्थी' कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री तिमिल्सिनाले प्रदेशले एसईई परीक्षा सञ्चालन सम्बन्धमा संघीय सरकारले पूर्णरुपमा अख्तियार दियो भने त्यसभन्दा राम्रो तरिकाले गर्ने दाबी गरे।

उनले लुम्बिनी प्रदेशमा ४ हजार ५३१ विद्यालयमा १२ लाख बढी विद्यार्थी लुम्बिनी प्रदेशमा रहेको बताउँदै आफूले पदभार ग्रहण गरेदेखि नै एसईई नतिजालाई सुधार्न विभिन्न पहल गरी ३८.६५ प्रतिशतबाट अहिले ६२ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको दाबी गरे। उनले विद्यालय व्यवस्थापन समितिमा शिक्षा सुधार ल्याउन सक्ने व्यक्ति छनौट गराउने गरी अभिभावकलाई सचेत गराए।

प्रदेश सरकारले थुप्रै गौरवका आयोजना सञ्चालन गरेको, जसमा लुम्बिनी प्रादेशिक अस्पताल, लुम्बिनी प्राविधिक विश्वविद्यालय रहेको, रुपन्देही शैक्षिक हवको रुपमा चिनिएको सकिएकोले प्रविधिसँग जोड्न कम्तिमा २० वटा नमूना विद्यालयलाई संघीय सरकारसँग मिलेर आइटीसँग जोड्ने योजना भएको ७६ जना कर्मचारी भएको सामाजिक विकास मन्त्रालयमा ४० जना गुल्मीका मात्र कर्मचारी भएको दाबी गरे।

शिक्षा क्षेत्रमा केही गर्ने साहस गरेका विद्यालयका प्रधानाध्यापकको प्रशंसा उनले गरेका थिए। मन्त्री तिमिल्सिनाले विज्ञान. सिभिल इञ्जिनियरिङ, व्यवस्थापन, कानुन र शिक्षा समूहमा अध्ययनरत ११ र १२ का विद्यार्थीहरुले सोधेका प्रश्नको जवाफ समेत दिएका थिए।

शिक्षा विकास तथा समन्वय इकाइ रुपन्देहीका इकाइ प्रमुख माधव बन्जाडेले ०८१ को एसईई नतिजामा ७१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको र चार जीपीए ल्याउने नेपालकै उत्कृष्ट जिल्ला भएको बताए।

बुटवल उप-महानगरपालिका वडा नं. ११ का वडाध्यक्ष रामचन्द्र क्षेत्रीको अध्यक्षतामा नवीन विद्यार्थी क्लबका अध्यक्ष सुवास पौडेलको सञ्चालनमा सम्पन्न कार्यक्रममा विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बस्नेतले विद्यालयका असल शैक्षिक अभ्यासहरु विद्यालयको भौतिक, शैक्षिक, आर्थिक र व्यवस्थापकीय पक्षहरु र विद्यालयका सवाल पक्ष र कमजोर पक्षहरु प्रस्तुत गरेका थिए।

कार्यक्रममा सामाजिक विकास डिभिजन कार्यालय रुपन्देहीका प्रमुख हरिबहादुर विष्ट, बुटवल उप-महानगरपालिका माध्यमिक शिक्षा शाखा प्रमुख टिकाराम पन्थी, नगर खेलकुद विकास समितिका सदस्य सुजन पुनलगायतको सहभागिता रहेको थियो।

# रक्तदान गर्ने रूपन्देहीका ६६ संघसंस्था सम्मानित



बुटवल। ६०औं रक्तसञ्चार सेवा दिवसका अवसरमा नेपाल रेडक्रस सोसाइटी, रुपन्देही शाखाले वर्षभरि एक सयभन्दा बढी पिन्ट रक्तदान गर्ने ६६ संघसंस्थाहरुलाई सम्मान गरेको छ । नेपाल स्वयंसेवी रक्तदाता समाजले प्रथम स्थान हासिल गर्दै नगद २० हजार रुपैयाँ र सम्मानपत्रबाट सम्मानित भएको छ । नेपाल नियमित रक्तदाता संघ रुपन्देही दोस्रो भइ १५ हजार रुपैयाँ र सम्मानपत्र तथा नेपाल स्वयंसेवी रक्तदाता तिलोत्तमा शाखा तेस्रो स्थान हासिल गर्दै नगद १० हजार रुपैयाँ र सम्मानपत्रबाट सम्मानित भएको छ।

रक्तदानमा महत्वपूर्ण भूमिका निभाउने संघसंस्था तथा व्यक्तिहरुलाई सम्मान गर्दै लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाले रुपन्देही रेडक्रसको योगदानबारे चर्चा गरे । लुम्बिनी प्रदेशका सरकारी तथा निजी अस्पतालमा उपचारका लागि आउने र रगतको आवश्यकता परेका बिरामीलाई सहज र छिटोछरितो रुपमा उपलब्ध गराउनेतर्फ आफू प्रयत्नशिल रहेको बताए।

लुम्बिनी प्रदेशका सामाजिक विकासमन्त्री तिमिल्सिना, नेपाल रेडक्रस सोसाइटी लुम्बिनी प्रदेशका सभापति लालप्रसाद पंगेनी (कृष्ण), रुरु गाउँपालिकाका अध्यक्ष यदुनाथ ज्ञवाली, सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्य, चन्द्रकोट गाउँपालिका गुल्मीका प्रमुख प्रशासकीय अधिकृत बुद्धप्रकाश पौडेल, रुपन्देही जिल्ला शाखाका सभापति रामचन्द्र उपाध्यायले संघसंस्थाका प्रतिनिधिहरुलाई सम्मान गरेका थिए।

कार्यक्रममा रुपन्देही शाखाका सभापति रामचन्द्र उपाध्यायले राजनीतिक दल, तिनका भातृ संगठन, व्यवसायिक संघसंस्था, गैरसरकारी संघसंस्था, बैंक तथा वित्तीय संघसंस्था, सहकारी संघसंस्था, धार्मिक संघसंस्था शैक्षिक संघसंस्था सबैले नियमित रक्तदान कार्यक्रम गर्दै आएको जनाए।

कार्यक्रमका संयोजक गुरुङले संस्थाका सबै कामलाई पेपरलेस र तथ्यांकीकरण अनलाइनमा राख्ने व्यवस्था भएको बताए। यसैगरी वेभसाइड लञ्च गर्ने कार्यसमेत भएको उनले बताए। हाल सोसाइटीबाट विपद् व्यवस्थापन, पारिवारिक पुनर्स्थापना, एम्बुलेन्स सेवा, विश्व रक्तदाता दिवस र रक्तसञ्चार दिवसमा संस्थागत कार्यक्रम आयोजना गर्दै आएको सोसाइटी, रुपन्देही शाखाका मन्त्री टेकबहादुर थापाले जानकारी दिए।

'रक्तदान गरौं, आशा जोगाऔं: सँगै मिलि जीवन बचाऔं' भन्ने नारासहित स्थापना भएको संस्था निरन्तर सामाजिक कार्यक्रम अग्रसर रहँदै आएको छ। नेपालका पहिलो रक्तदाता दयावीर सिंह कंशाकार हुन्।

# ओभरलोड रोक्न आइजीपीको प्रहरीलाई निर्देशन



बुटवल । प्रहरी प्रधान कार्यालयको कार्य विभागले भारवहन क्षमता कायम गरी मात्र मालसामान ढुवानी गराउने व्यवस्था मिलाउन सातै प्रदेश प्रहरी कार्यालयलाई निर्देशन दिएको छ। नेपाल ट्रक यातायात व्यवसायी महासंघले कानुन सम्मत भारवहन कार्यान्वयन गराउनका लागि प्रहरी महानिरीक्षक दीपक थापा समक्ष आइतबार माग गर्दै डेलिकेशन गएपछि सोही पत्रको आधारमा प्रहरी महानिरीक्षकको निर्देशनमा सचिवालयले तत्काल पत्रकाटी भारमिलानका लागि निर्देशन दिएको हो।

नेपाल ट्रक यातायात व्यवसायी महासंघका अध्यक्ष हिरालाल श्रेष्ठ पूर्व अध्यक्ष अर्जुन रानाभाट, वरिष्ठ उपाध्यक्ष लोकराज पोखरेल, लुम्बिनी प्रदेश अध्यक्ष यमप्रसाद पाण्डे, महासंघका पदाधिकारीसहितको टोलीले प्रहरी महानिरीक्षक थापालाई भेटी भारवहनअनुसार मालसामान ढुवानीको व्यवस्था मिलाउन माग गरेको थियो । ट्रक यातायात व्यवसायीको मागलाई तत्काल सम्बोधन गर्दै आइतबारकै मितिमा महानिरीक्षकको सचिवालयले नेपाल प्रहरी प्रधान कार्यालय कार्य विभागलाई पत्राचार गरेको थियो। त्यसपछि सातै प्रदेशका प्रहरी कार्यालयलाई माल बहाक सवारी साधनको भारवाहन नियमनसम्बन्धी निर्देशिका २०७४ संशोधनसहितमा भएका व्यवस्थाहरु कडाइका साथ कार्यान्वयन गर्न गराउन निर्देशन गरिएको छ।

अधिकतम सीमाभन्दा बढी भारवहन बोकेका सवारी साधनहरुलाई जरिवानाका अतिरिक्त बढी भएको भारबहनलाई पल्टी गराई अर्को सवारी साधनमा लोड गरी भारबहन क्षमता कार्यान्वयन गरि मात्र छाड्ने व्यवस्था मिलाउन निर्देशन गरिएको छ।

एक पटकभन्दा बढी ट्राफिक नियम उल्लंघन गर्ने भन्सारबाट छुटेका तोकिएको भारवहन क्षमताभन्दा बढी भारवहन बोकेका मालवाहक सवारी साधनलाई जरिवानाका अतिरिक्त पटके कायम गरी थप कारबाहीका लागि सम्बन्धित यातायात कार्यालयमा अनिवार्य रुपमा पठाउने व्यवस्था मिलाउनु हुन र सोअनुसार गरे नगरेको अनुगमन गरी सोको कार्यान्वयन भएको नपाइएमा सम्बन्धित प्रहरी कर्मचारीलाई कारबाही गरी सोको जाहेरी महाशाखामा गराउन समेत निर्देशन गरिएको छ। सो निदेशनको जानकारी प्रहरी प्रधान कार्यालय, कार्यविभाग प्रशासन शाखा, उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथ र नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय सातै प्रदेशलाई गरिएको पत्रमा उल्लेख छ। प्रहरी महानिरीक्षक दीपक थापाको यो कडा निर्देशनसँगै अब ओभरलोड नियन्त्रण हुनेमा ट्रक व्यवसायी विश्वस्त भएका छन् । ओभरलोड नियन्त्रण भएमा नेपाली सडक पुल पुलेसाको संरक्षण हुने र नेपाली ट्रक व्यवसायीको लगानी समेत सुरक्षित हुने विश्वास गर्न सकिने छ।


## कर्मचारी आवश्यकता

होटल रेडशनको परिसरमा अवस्थित विन स्टार क्यासिनोमा विभिन्न पदहरुको लागि दक्ष तथा इमान्दार कर्मचारीहरुको आवश्यकत परेको हुँदा इच्छुक अनुभवी व्यक्तिहरुले आ-आफ्नो CV सहित तल दिइएको ठेगानामा सम्पर्क गर्नहुन अनुरोध गर्दछौं।

१. किचन
२. फुड एण्ड वेभरेज
३. गेमिङ्ग
४. जि.एस.ए
५. मार्केटिङ्ग
६. हाउस किपिङ्ग
७. स्वीपर्स
८. ड्राइभर
९. निगरानी कर्मचारी
१०. क्यासियर

नोट: 5th August 2025 सम्म CV संकलन गरिने छ।

भैरहवा

सम्पर्क नं.: ९८४१७३०६८७, ९८०१७१८७४२, ९८४१२८०७४१

## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४

KKJ न्यू कुमकुम ज्वेलर्स

वि.पि. चोक, बुटवल-४, रूपन्देही



विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित

स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल

पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com